फोन: ४१११८२८, ४१११९२३, फ्याक्स:४१११९०१
Emailinfo@skbbl.com.np

# साना किसान विकास बैंक लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको लघुवित्त विकास बैंक
केन्द्रीयकार्यालय, सुबिधानगर, पो.ब.नं. २१९५६, काठमाडौं, नेपाल

# SanaKisanBikas Bank Ltd.

Central Office, Subidhanagar, P.O. Box 21956, Kathmandu, Nepal

प.सं. ...........
च.नं. 600

मितिः २०७४/०९/२१

**श्री नेपाल सरकार,**
**कम्पनी रजिष्ट्रारको कार्यालय,**
त्रिपुरेश्वर, काठमाडौं ।

विषय:<u>जानकारी सम्बन्धमा</u> ।

महोदय,

यस बैंकको कम्पनी ऐन २०६३ दफा ८० बमोजिमको विवरण यसै पत्र साथ संलग्न गरी तहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

संलग्न :-

१. यस बैंकको सोहौं वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि थान - १
२. यस बैंकको आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन पुस्तिका थान - १ (यस पुस्तिका को पेज नं. ९ देखि ४२ सम्म साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन पेज नं. ५२ देखि ८५ सम्म लेखापरीक्षण प्रतिवेदन संलग्न रहेको छ )

कम्पनीदर्ता नं.- १०५६३५

भवदीय,

(झलेन्द्र भट्टराई)
कम्पनी सचिव
कम्पनी सचिव

# साना किसान विकास बैंक लि

## सोह्रौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

**२९ पौष, २०७४**

साना किसान विकास बैंक लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास बैंक लि.

## सोह्रौं वार्षिक साधारण सभाको कामकारवाही तथा निर्णयपुस्तिका(माइन्यूट)

### १. वैधानिक सभा

साना किसान विकास बैंक लि.(लघुवित्त विकास बैंक) को मिति २०७४ साल कार्तिक २१ गते मंगलबार बसेको सञ्चालक समितिको ३०३ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम यस बैंकको सोह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपरछलफल गर्ने निर्णय भएको थियो ।

१.१. सभाको मिति, स्थान र समय

| | |
|---|---|
| सभा हुने मिति | : २०७४/८/२९ गते (December 15, 2017), शुक्रबार |
| समय | : ११:०० बजे |
| स्थान | : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर । |

१.२. **छलफलका विषयहरु:**

(क) **सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७३/०७४ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) बमोजिम वर्तमान लेखापरीक्षक सि.ए. महेश खनाल, एम खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भइ आएको छ । )

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को १.३१६ प्रतिसतले हुने रु.६६,१९,२४१/३७ (अक्षरेपी छैसठ्ठी लाख उन्नाइस हजार दुइसय एकचालिस रुपैयाँ सैतिस पैसा) नगद लाभांश (कर प्रयोजनाका लागि) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को २५ प्रतिसतले हुने रु. १२,५७,६५,५८५/९४ (अक्षरेपी बाह्र करोड सन्ताउन्न लाख पैसठ्ठी हजार पाँचसय पचासी रुपैयाँ चौरान्नब्बे पैसा) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) प्रबन्ध पत्र र नियमावलीमा कम्पनीको नाम परिवर्तन, पुँजी बृद्धि, उद्देश्य, काम, सञ्चालक समितिको संरचना लगायतका विषयमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरवदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै शेयरहरुलाई निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा मिति २०७४/०८/०१ गते र अन्नपूर्ण पोष्टदैनिकमा मिति २०७४/०८/१९गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ को उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले यस बैंकको केन्द्रीय कार्यालय र सेयर रजिष्ट्रार श्री नबिल ईन्भष्टमेण्ट बैंकिङ्ग लि. को कार्यालय नक्साल, काठमाडौंमा निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको थियो ।

## ३. उपस्थिति

### ३.१. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री दिलिपसिंह थापा | सञ्चालक |
| ३. श्री रविन्द्र यादव | सञ्चालक |
| ४. श्री उमेश लम्साल | सञ्चालक |
| ५. श्री भुपेश छत्कुली | सञ्चालक |

### ३.२. शेयरधनी(प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री प्रताप सुवेदी
२. नेपाल बैंक लि., प्रतिनिधि श्री द्वारिका घोरासैनी
३. नबिल बैंक लि., प्रतिनिधि श्री समित रेग्मी
४. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट १२६ वटा संस्थाका १२६ जना
५. सर्वसाधारण शेयरधनीका तर्फबाट कुल शेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने २६० जना ।

### ३.३. अन्य पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| १. डा. शिवराम प्रसाद कोइराला,प्रमुख कार्यकारी अधिकृत | |
| २. श्री फलेन्द्र भट्टराई | कम्पनी सचिव |

### ३.४. अन्य उपस्थिति/पर्यवेक्षक

१. श्री जलन कुमार शर्मा, निवर्तमान प्रमुख कार्यकारी अधिकृत

| | |
|---|---|
| २. श्री अमिर थापा - | प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड |
| ३. श्री राजेन्द्र थापा - | उपसचिव, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ४. श्री मितेन्द्र गोपाल धौभडेल - | लेखा परीक्षक प्रतिनिधि, एम खनाल एण्ड कम्पनी चार्टड, एकाउण्टेण्ट्स |

४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल शेयर धनी संख्या | शेयर संख्या | उपस्थित शेयरधनी संख्या | कुल सेयर मध्ये प्रतिनिधित्व भएको सेयर संख्या | कुल सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | ११०८२१६.५६२५ | १ | ११०८२१६.५६२५ | १००% |
| नेपाल बैंक लि. | १ | ३०५४३९.०६२५ | १ | ३०५४३९.०६२५ | १००% |
| नबिल बैंक लि. | १ | १५२७२०.९३७५ | १ | १५२७२०.९३७५ | १००% |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | १९५१३७८.८३१४ | १२६ | ११४२५४९.०००० | ५८.५५ |
| सर्बसाधारण शेयरधनीहरु | १०३४४ | १५१२७०८.४६७७ | २६० | ६४४७७.०००० | ४.२६% |
| जम्मा | १०५७८ | ५०३०६२३.४३७५ | ३८९ | २७७३४०२.५६२५ | ५५.१३ |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुलसेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयरधनीको प्रतिनिधित्व हुने गरी कुलशेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको सोह्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३८९ भएको र कुल सेयरको ५५.१३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मन्जुर गरेको थियो ।

५.२. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले बैंकका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नुभएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष श्री खेमबहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

५.३. पूर्व निर्धारित कार्यक्रम अनुसार सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

५.४. साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले बैंकका गतिविधि माथि प्रकास पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.५. साधारण सभामा निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले विपन्न तथा गरिबका लागि आर्थिक समृद्धिका उपयाहरु अबलम्बन गर्नु ज्यादै महत्वपूर्ण कुरा भएको मैले महसुस गरेको छु । अबको ५ वर्षमा नेपालको गरिबी न्यूनिकरणमा गरीबसँगै बसेर गरिबी हटाउने कार्यमा साना किसानले नै चमत्कारिक उपलब्धी हासिल गर्नेमा म विश्वस्त छु । भारतमा किसानले कृषिमा प्रति किसान २५० अमेरीकी डलर अनुदान पाउछन् भने युरोपमा ६० हजार डलर पाउँछन् । नेपालमा यस्तो सुविधाको तथ्याङ्क नै एकिन छैन । नेपालका किसानहरु आफ्नो कामका लागि आफै सबै कुरा जुटाउन बाध्य छन् । आगामी दिनमा साना किसानहरुले आफ्नो विकास आफै गर्ने लक्ष्य प्राप्त गर्नमा सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

६.२. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३/०४/०१ देखि २०७४/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा

सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

**७. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु**

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरुलाई तल प्रस्तुत गरिएकोछ ।

- श्री दिवाकर खड्का (साधारण शेयरधनी) सभा २५ मिनेट ढिलो सञ्चालन भयो । समयको व्यवस्थापन गरिनु पर्ने हुन्छ । पुँजी बृद्धिको प्रस्ताव स्वागत योग्य छ । शेयर निस्कासन खर्च देखाइएको छ । शेयर निस्कासन नभएकोमा कसरी खर्च लेखियो ? कर्मचारी खर्च कम छ । कर्मचारीहरुलाई तालिम आदीमा लगानी बढाएर दक्षता अभिवृद्धि गर्नु जरुरी छ । प्रतिवेदन पुस्तिका अलि बढी खर्चिलो देखियो । आगामी दिनमा बैंकको आफ्नै भवन बनोस्, शुभकामना छ ।
- श्री प्रताप सुवेदी तथ्यांक हेर्दा राम्रो, सबैको प्रतिनिधित्व, NPL १% भन्दा कम रहेको, लगानीकर्ताको लागि यो राम्रो हो । वर्तमानमा २५% बोनस शेयर वितरण गरेको छ । प्रतिवेदनले धेरै कुरा समेटेको छ । बैंकको कुशल नेतृत्वले गर्दा बैंक सक्षम भएको ठान्दछु । निवर्तमान प्रमुख कार्यकारीको कार्य समय अत्यन्त सफल रहेको देखिन्छ । वर्तमान प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सफल रहोस् भनी मन्तव्य राख्नु भयो ।
- डमरु वल्लभ घिमिरे (साधारण शेयरधनी-९८४१२६३७९८) साना किसान विकास बैंकको अध्ययन र विश्लेषण गर्दा म केही सल्लाह र सुझाव दिन चाहन्छु । अध्यक्षज्यूले शेयर धनीको शब्द निकाल्नु भएन । लघुवित्त संस्थाले बाणिज्य बैंक र विकास बैंकले गरे जस्तो कार्य गर्न सक्दैन । २५ प्रतिशतको बोनस शेयरको प्रतिफल राम्रो हो । लघुवित्त विकास बैंकको नाम हटाउने सन्दर्भमा मलाई चित्त बुझेको छैन । बैंक लेख्दा के कुराको घाटा हुन्छ । राष्ट्र बैंकले यसमा पुनरबिचार गर्नुपर्छ । व्यवस्थापनले धेरै राम्रो काम गरेको छ र कर्मचारीलाई धन्यवाद दिन चाहन्छु । प्रतिवेदन पुस्तकमा साधारण सभा सम्बन्धी फोटाहरु छैनन् । साधारण सभा सम्वन्धीको फोटोहरु हुनुपर्ने, आगामी दिनमा फोटोहरु राख्नुपर्ने, सरसफाईमा ध्यान दिनुपर्ने, दर्ता भएको जिल्लामा साधारण सभा हुनुपर्ने, पेज नं.७० सञ्चालक समितिको भत्ता भन्दा अन्य खर्च भएको, मनोरञ्जन खर्च बढी हुन भएन, आधारभूत शेयर धनीहरुलाई प्रतिवेदन पहिले नै उपलब्ध गराउनुपर्ने, आधारभुत शेयरधनीहरुको साधारण सभा पूर्व बैठक गराएर सुझाव लिइएमा प्रतिवेदनमा आउने त्रुटीहरु कम हुनेछन् । यसो भएमा राम्रै हुन्छ । अहिलेको प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकलाई अझ सफल बनाउन शुभकामना व्यक्त गर्न चाहन्छु । सफलताका कथाहरु राख्दा अझ राम्रो हुने लाग्दछ ।
- श्री शिव प्रसाद पौडेल (साधारण शेयरधनी-९८४१६६३३८३) २५% बोनस शेयर र कर प्रयोजनका लागि १% नगद उपलब्ध गराएकोमा धन्यवाद छ । समयमा साधारण सभा गर्नुभएको छ । प्राविधिक समस्या-कमजोर साउण्ड सिस्टम, डयासमा बस्नेको नेम प्लेट नराखिनु राम्रो होइन । डयासमा को बसेको छ भन्ने राम्ररी एकिन भएन । शेयरधनीलाई राम्ररी सम्वोधन भएन । कृषिमा लगानी गर्न जोड गर्न र पशुपालन कर्जा बढाउनमा बढी जोड दिन आवश्यक छ । कर्मचारीलाई तालिम दिनुपर्ने, कम्प्युटर प्रविधिका जोखिम न्यूनिकरणमा सतर्कता अपनाउन जरुरी छ । यस वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु ।
- चन्द्रनारायण श्रेष्ठ (साधारण शेयरधनी-९८४१२१५८३८) गत बर्षकोभन्दा खुद नाफा बृद्धि, प्रतिशेयर आम्दानीमा राम्रो, समयमा प्रतिवेदन तयार गरी वार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद छ । १००० संस्था र १० लाख सदस्य अब २, ३ वर्षमा पुर्‍याउनुपर्दछ । समृद्धिको लागि बचत, लगानी, उत्पादन बढाउनु पर्दछ । कभरेज बढी छ । लघुवित्तको बजारमा ३३ प्रतिशतको हिस्सा राम्रो हो । लघुवित्तमा यो बैंकले अग्रणी भूमिका खेल्न सक्नु पर्दछ । पुँजी कोष अलि कम देखिन्छ यसलाई बढाउनुपर्ने, बोनस शेयर अझ बढी दिने र नगद लाभांश

दिँदा राम्रो हुन्छ । बाणिज्य बैंकहरुको तुलनामा समेत प्रति कर्मचारी आम्दानी बढी देखिन्छ । कुल ग्राहस्थ २५.९९ हुनु पर्नेमा प्रतिवेदनमा अन्यथा भएकोले सच्याउन राम्रो होला । साना किसानहरुको आर्थिक भविष्य बनाउन आयात प्रतिस्थापन र निर्यात बढाउने, कृषिमा आत्म निर्भर हुनुपर्ने । शेयर धनीको हिसाबले प्रतिफल बढी प्राप्त गर्न खर्च र लागत घटाएर अर्को वर्ष बढी नाफा गर्न अनुरोध गर्दछु । आधारभुत शेयरधनीहरुको साधारर्णसभा पूर्व अलग्गै बैठक गराएर सुझाव लिइएमा प्रतिवेदनमा आउने त्रुटीहरु कम हुनेछन् । यसमा बैंकले विचार गरोस । एनएफआरएस अहिले लघुवित्तलाई अनिवार्य भइ नसकेतापनि यस तर्फ हामी तत्कालै लाग्नु पर्छ । प्रतिवेदनमा शेयर धनीको विवरण गत बर्ष र यस बर्ष एउटै छ यस्तो नहुनु पर्नेहो ।

- श्री राम गोपाल महर्जन (साधारण शेयरधनी) देशको विद्यमान अवस्थामा समयमा साधारण सभा, नाफामा वृद्धि, भावी कार्यक्रम राम्रा छन् कार्यान्वयन गर्न सुझाव दिन चाहन्छु, महिला सञ्चालक व्यवस्था, इपीएस राम्रो छ, निश्कृय कर्जालाई कम गर्न अनुरोध छ । मोबाईल बैंकिङ्ग सेवा ईन्टरनेट बैंकिङ्ग तर्फ पनि अवसर खोज्नु पर्छ । शेयर लगानी अझ बृद्धि गर्नुपर्ने, कर्मचारीलाई तालिम दिन, बैंक दिवस भत्ता के हो ? स्पष्ट हुन चाहान्छु ।
- श्री नारायण सुन्दर श्रेष्ठ (साधारण शेयरधनी) : बोल्ने वक्ता शेयरधनीहरुलाई राखेर साधारण सभा हुनुभन्दा ७ दिन अघि नै बैठक गर्नुभयो भने प्रतिवेदनमा कमजोरीहरु कम हुनेछन् । बोनस शेयर मात्र होइन ५०/५० प्रतिशत नगद र बोनस शेयर उपलब्ध गराउदा राम्रो हुन्छ । लगानी र प्रतिफल अत्यन्त साँगुरो छ । ३८ देखि ४२ करोड नाफा हुनु पर्नेमा ३३ करोड मात्र नाफा देखिएको छ ।
- हितमान थापा अध्यक्ष साना किसान कृषि सहकारी संस्था लि. सालझण्डी रुपन्देहीका प्रतिनिधि -बैंकले शेयरधनी संस्थाहरुलाई लगानी गर्ने ऋणको ब्याजमा कम गर्नु पर्‍यो । आगामी दिनमा साधारण सभा सबैलाई पाएक पर्ने चितवनमा राख्न पर्‍यो । कार्यक्रम अलि व्यबस्थित र उपयुक्त ठाउँमा राख्नु परयो ।
- साना किसान कृषि सहकारीका (संस्थापक शेयरधनी) प्रतिनिधिहरु : बैंकसँग कारोबार गर्ने संस्थाहरुको समय समयमा निरीक्षण अनुगमन र मुल्याङ्कनका कार्यहरु हुनुपर्छ । नयाँ संस्था र पुराना संस्थाहरुको पदाधिकारी र कर्मचारीहरुलाई तालिम दिन पर्‍यो । पशुधन सुरक्षण प्रिमियम अनुदान समयमा संस्थामा पठाउनु पर्‍यो । पुश प्राविधिकहरुलाई समय समयमा तालिमको व्यवस्था हुनु पर्‍यो ।
- साना किसान कृषि सहकारी संस्था मधुवलिया रुपन्देही (संस्थापक शेयरधनी) प्रतिनिधि : ब्याजदर बजारले निर्धारण गर्ने भएतापनि प्रतिस्पर्धाका कारण लघुकर्जाको ब्याजदर कम गर्नुपर्ने अवस्था छ । संख्यामा भन्दा गुणस्तरमा जोड दिन आवश्यक छ । नेपाल बैंक लि.बाट संसथाले खरिद गरेको शेयर अहिले संस्थाको नाममा समावेश छ वा छैन ?

## ८. सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुकोजवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञालेप्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले दिनुभएको थियो ।

८.१. अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नुभयो -

- सेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई मनन गरी आगामी दिनमा काम गरिने छ । धेरै ठूला कमजोरी भएको भनेर औंलो ठड्याउनु भएन त्यसमा हामी गौरवान्वित छौं । साना कमी कमजोरीलाई सकारात्मक रुपले सोची अगाडि बढाउनु भयो त्यसको लागि म धन्यवाद दिन चाहन्छु । धेरै टाढाबाट यस साधारण सभामा आउनु भएको छ ।
- वार्षिक प्रतिवेदन खर्चमा कम हुनुपर्‍यो र स्मारिका जस्तो देखियो भन्ने सन्दर्भमा हाम्रो प्रतिवेदन अन्य सहयोगी राष्ट्रीय/अन्तराष्ट्रीय संस्थाहरुलाई समेत उहाँहरुको आवश्यकता अनुसार बनोस भन्ने अभिप्रायले तयार गरिएको हुँदा शेयरधनीहरुको स्थान कम भएको भन्ने

गुनासाहरु देखिएका छन् । हामीसँग टाढा टाढाबाट किसानको प्रतिनिधत्व गरेर आएका शेयरधनी प्रतिनिधिहरुको पनि राम्रो उपस्थिति छ । उहाँहरुको मर्कालाई पनि हेर्नु पर्दछ ।

- सञ्चालक समितिको अन्य खर्चमा काठमाडौं बाहिरबाट आउनु हुने २ जना सञ्चालकको प्लेन खर्च, खाजा खर्च, टेलीफोन खर्च र भैपरि खर्च जोडिएकोले बढी देखिएको हो । हाम्रो बैंकको सञ्चालक समितिको खर्च तुलनातमक रुपमा अत्यन्त कम छ । सञ्चालक समितिले खर्च बढी नहोस् भन्ने अभिप्रायले एउटै बैठकमा धेरै एजेण्डा र लामो समय बसेर निर्णयमा पुग्ने गरी काम गर्ने गरिएको छ ।
- कृषिमा बढी जोड दिने, कर्मचारीहरुलाई तालिम, भ्रमण (बैंक र संस्था) उपलब्ध गराएकाछौं, साधन स्रोतले भ्याएसम्म यसलाई बढाउँदै लगिने छ ।
- संस्थाहरुको संख्या मात्र बढाएर होईन संस्थाहरुको कर्जा माग पुऱ्याउनुपर्ने हुन्छ । लगानी अनुसार नाफा कम हुनुमा अहिले बाणिज्य बैंकहरुले प्राथमिकता क्षेत्र कर्जामा लिने व्याज हामीले लगानी गर्ने ऋणको ब्याजदरको हाराहारीमै छ । जसले गर्दा मार्जिन अत्यन्त कम हुन पुग्यो ।
- अहिले ब्याजदर घटाउन सकिने अवस्था छैन । यसको यहाँहरुलेनै विश्लेषण गर्न सक्नुहुन्छ । अहिले लघुवित्त बजारमा सबैभन्दा सस्तो ऋण किसानलाई हामीले नै उपलब्ध गराएका छौं ।
- यस सभामा बाल्नु हुने वक्ता शेयरधनीहरुको सुझावलाई मनन गरी आगामी दिनमा साधारण सभालाई अझ प्रभावकारी र व्यवस्थित गर्ने प्रयास गरिनेछ ।
- सन् २०२२ सम्ममा १ हजार संस्थाबाट १० लाख सदस्यलाई सेवा पुऱ्याउन सकिने देखिन्छ । कम लागतको वित्तीय श्रोतको खोजी गरिरहेकाछौं । संस्थाहरुको अनुगमन निरीक्षण बढाउनुपर्ने, बैंकले चौतर्फिक रुपमा हेर्नुपर्ने अवस्था छ । संस्थाको कारोबार अनुसार तालिम दिने, संस्थाले माग गरेको पशुधन सुरक्षण समयमा प्राप्त भएन । यस सन्दर्भमा समयमा फाराम भरी बैंकमा पठाउने, पशु प्राविधिकलाई पुनरताजगी तालिम, कार्यक्रम उपयुक्त ठाउँमा राख्ने, सबैलाई धन्यवाद छ ।

८.२. बैंक व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा बैंकका प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोईरालाज्यूबाट सभा समक्ष उपलब्ध जवाफ यस प्रकार रहेको छ ।

- सभा तोकिएको समयभन्दा २० मिनट ढिलो सञ्चालन भएकोमा क्षमा चाहान्छु । सभामा गहनतम सुझावहरु प्रस्तु भएका छन् । आगामी दिनमा बैंकका काम कारवाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरी अघि बढाउँदा बैंकको कारोबारको गुणस्तरीय विस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरुको पालना गरिनेछ ।
- शेयर निष्काशन शीर्षकमा बोनस शेयर लिष्टिङ्ग खर्च सहित शेयर रजिष्ट्रारको वार्षिक शुल्क, नेपाल स्टक एक्सचेन्जको शुल्क, सीडीएससी शुल्क आदि पनि समावेश गरिएको हो ।
- कम्पनी दर्ता भएको जिल्लासँग जोडिएको जिल्लामा साधारण सभा गर्न मिल्ने व्यवस्था कम्पनी कानूनमा छ । सोही अनुसार काठमाडौंमा दर्ता भएको यो कम्पनीले जाउलाखेल ललितपुरमा साधारणसभा गर्दा कानूनको पालना नभएको हुँदैन ।
- नेपाल राष्ट्र बैंकको निर्देशित फर्मेटमा अतिथि सत्कार भन्ने शीर्षक नभएकोले देशी विदेशी पाहुनाहरु आउँदा भएको अतिथि सत्कार खर्च मनोरञ्जन खर्च शीर्षकमा देखाईएको हो ।
- NFRS अनुसार लेखा प्रतिवेदन प्रणाली तयार गर्न छलफल शुरु गरिएको छ ।
- अहिलेको कानून अनुसार साना किसान सहकारी संस्थाका कर्मचारीलाई छुट्टै व्यवस्था गरी शेयर दिन मिल्ने व्यवस्था छैन ।
- नेपाल बैंक लि.बाट खरिद गरिएको शेयर अर्को वर्षको वार्षिक प्रतिवेदनमा देख्न पाउनु हुनेछ ।
- अर्को पटकबाट वार्षिक प्रतिवेदनमा साधारण सभा सम्बन्धी फोटोहरु राख्ने प्रयास हुनेछ ।

- अहिलेको पोर्टफोलियो अनुसार प्रतिवेदन वर्षमा भन्दा चालु आर्थिक वर्षमा रु. ५ करोड बढी नाफा हुने देखिन्छ ।
- सम्पूर्ण शेयरधनीहरुले दिनु भएको सुझावहरुबाट हामीलाई आगामी दिनमा अझै राम्रो काम गर्ने हौसला प्राप्त भएको छ । यहाँहरुले दिनुभएका प्रत्येक सुझावहरु प्रति गम्भिर भएर सुधार गर्दै जाने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

९. **सभाको निर्णय**

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि अध्यक्षको आज्ञा अनुसार कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले प्रस्तुत गर्नु भएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी उपस्थित शेयार धनीबाट थपडी बजाई स्वीकृति दिनु भएकोले देहाय अनुसार सर्बसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नुभयो :

**(क) सामान्य प्रस्ताव**

*१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।*

निर्णय

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्वन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिने सम्वन्धमा ।*

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ एवम् बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ (१) बमोजिम वर्तमान लेखापरीक्षक सि.ए. महेश खनाल, एम खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भइ आएको छ । )*

निर्णय

यस बैंकको आ.व.२०७४/०७५ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा कर लेखापरीक्षण सहित आ.व. २०७४/०७५ को लागि लेखापरीक्षण गर्ने कार्यका लागि लेखापरीक्षकमा श्री महेश खनाल, एम खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसलाई मूल्य अभिबृद्धि कर सहित एकमुष्ट रु. २,५०,०००/- (दुइलाख पचास हजार) मात्र पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्न सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

*(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को १.३१६ प्रतिसतले हुने रु.*

*६६,१९,२४१/३७ (अक्षरेपी छैसठ्ठी लाख उन्नाइस हजार दुइसय एकचालिस रुपैयाँ सैतिस पैसा) नगद लाभांश (कर प्रयोजनाका लागि) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को १.३१६ प्रतिसतले हुने रु. ६६,१९,२४१/३७ (अक्षरेपी छैसठ्ठी लाख उन्नाइस हजार दुइसय एकचालिस रुपैयाँ सैतिस पैसा) नगद लाभांश (कर प्रयोजनाका लागि) प्रदान गर्न सर्वसम्मतिले निर्णय पारित गरियो ।

(ख) **विशेष प्रस्ताव :**

*(१)सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को २५ प्रतिसतले हुने रु. १२,५७,६५,५८५/९४ (अक्षरेपी बाह्र करोड सन्ताउन्न लाख पैसठ्ठी हजार पाँचसय पचासी रुपैयाँ चौरान्नब्बे पैसा) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/०७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को २५ प्रतिसतले हुने रु. १२,५७,६५,५८५/९४ (अक्षरेपी बाह्र करोड सन्ताउन्न लाख पैसठ्ठी हजार पाँचसय पचासी रुपैयाँ चौरान्नब्बे पैसा) बराबरको बोनस शेयर वितरण गर्न सर्व सर्वसम्मतिले निर्णय पारित गरियो ।

*(२) प्रबन्ध पत्र र नियमावलीमा कम्पनीको नाम परिवर्तन, पुँजी बृद्धि, उद्देश्य, काम, सञ्चालक समितिको संरचना लगायतका विषयमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको प्रवन्ध पत्र र नियमावलीमा कम्पनीको नाम परिवर्तन, पुँजी बृद्धि, उद्देश्य, काम, सञ्चालक समितिको संरचना लगायतका विषयमा प्रतिवेदनको तिन महलेमा प्रस्तुत भए बमोजिम संशोधन गर्ने प्रस्ताव सर्व सम्मतीले सर्वसम्मतिले निर्णय पारित गरियो ।

भयो ।

*(३) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरवदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।*

निर्णय

नियमनकारी निकायबाट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन/फेरवदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा सर्वसम्मतिले स्वीकृति प्रदान गरियो ।

१०. सभा विसर्जन

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो । छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष एवं सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । सोह्रौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि शेयरधनी महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दैसभा विसर्जन गर्नुभयो ।

(झलेन्द्र भट्टराई)
कम्पनी सचिव

(खेम बहादुर पाठक)
अध्यक्ष

**२९ मंसिर, २०७८**